कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३

च.नं.: १८५५

मिति : २०८२/११/२८

श्री कोहलपुर नगरपालिकाभित्र संचालित सम्बन्धित सबै ट्यूसन/कोचिङ् सेन्टर, मन्टेश्वरी तालिम केन्द्र, विभिन्न आयोग तथा भाषा तयारी कक्षा सम्बन्धी इन्टिच्युटहरू, कन्सल्टेन्सीहरू ।

**विषय : आवश्यक कागजात पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाभित्र संचालित अधिकांश कन्सल्टेन्सीहरू दर्ता नभएका, संचालन अनुमति नलिएको, योग्य प्रशिक्षक नभएको तथा अयोग्य प्रशिक्षकको कारण विद्यार्थीहरू मर्कामा परेको भन्ने समेत व्यहोराको गुनासो हेलो सरकारमा परेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, नेपालगंज बाँकेको मिति २०८२/११/२५ गतेको च. नं. ४६८१ को प्राप्त पत्रानुसार अनुगमन गरी आवश्यक कारवाही गर्न र यथाशीघ्र एकीकृत विवरण बुझाउन हुँदा भनी निर्देशन भई आएकाले यस कोहलपुर नगरपालिकाभित्र संचालित **सबै ट्युसन/कोचिङ् सेन्टर, विभिन्न आयोग तथा भाषा तयारी कक्षा सम्बन्धी इन्टिच्युटहरू तथा कन्सल्टेन्सीहरूले** यही मिति २०८२/१२/०५ गतेसम्म कार्यालय समयभित्र तपसिल बमोजिमका कागजातहरू सहित २ प्रति फाइल तयार गरी पेश गर्नु हुन अनुरोध छ । साथै निर्धारित समय सीमाभित्र आवश्यक कागजातहरू पेश नभएको खण्डमा प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस गरिने समेत जानकारी गराइन्छ ।

**तपसिल : (आवश्यक कागजातहरू)**

- संस्था दर्ता तथा नवीकरण वा संचालन अनुमतिको प्रमाण पत्रको प्रतिलिपि
- संस्था संचालकहरूको वैयक्तिक तथा शैक्षिक प्रमाण पत्रको प्रतिलिपि
- आ. व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
- आ. व. २०८१/०८२ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि
- भवन भएको घर जग्गाको जग्गाधनी पूर्जा वा घर बहालको प्रमाणको प्रतिलिपि
- प्रशिक्षकहरूको नियुक्ति पत्र वा कबुलियतनामा, वैयक्तिक तथा शैक्षिक योग्यता, अनुभव वा तालिम लगायतका प्रमाण पत्रहरू
- संस्थामा संचालित लामो वा छोटो अवधिका तालिम कार्यक्रम, भाषा कक्षा, तयारी कक्षाबारे विवरण र अध्ययन गर्ने प्रशिक्षार्थीहरूको वर्गीकृत संख्यात्मक विवरण

..................

मानबहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री जिल्ला प्रशासन कार्यालय, नेपालगंज - बाँके। (जानकारीको लागि।)

श्री नगर प्रमुखज्यू तथा नगर प्रमुखज्यूको सचिवालय, कोहलपुर नगरपालिका - बाँके।